# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प. स. ०७७/०७८
च. न. ६२०


मिति:२०७७।०६।१९

सूचना सूचना सूचना

**विषय : रासायनिक मल बिक्रेता सम्वन्धमा ।**

प्रस्तुत विषयमा भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ विराटनगरको च.नं. २१६ मिति २०७७।०६।१२ गतेको पत्रानुसार प्रदेश मल वितरण व्यवस्थापन समितिको मिति २०७७।०६।११ गतेको वैठकको निर्णयानुसार अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ को परिच्छेद ३ को दफा १५ अनुसार स्थानीय तहहरुमा मल विक्रेता छनौट गरी मल विक्रेता कम्पनीमा बिक्रेता कम्पनीमा बिक्रेता नियुक्तिको लागि सिफारिस गरी पठाउन अनुरोध गरिएकोमा यस गाउँपालिका अनतर्गत रासायनिक मल विक्रि वितरण गर्न चाहने ईच्छुक सहकारी संस्था ,फर्म वा कम्पनीले तपशिलका कागजात सहित सूचना प्रकाशन भएको मितिले ५ दिन भित्र (मिति: २०७७।०६।२३ )गते भित्र कार्यालय समयभित्र कृषि विकास शाखामा निवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल:

(क) सहकारी संस्था ,फर्म वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि ,
(ख) सम्वन्धित वडा कार्यालयको सिफारिस ,
(ग) विगतका दुई आर्थिक वर्षको लेखापरिक्षणको प्रतिलिपि
(घ) स्थायी लेखा नम्बर दर्ताको प्रतिलिपि ,
(ङ) अनुभव ,कार्यदक्षता ,कार्यक्षमताको विवरण ,
(च) नापतौल गर्ने मेशिन, गोदामघर ,सूचाना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण ,
(छ) संस्थाले रासायनिक मल कारोवार गर्ने कार्यक्षेत्र ।

प्रमुख प्रशासकीय अधिकृत



ईमेलः info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं.०२३-४७५०८१